हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २०, अङ्क : ५०, २०७९ भदौ २६ गते आइतवार (11 Sep. 2022), मूल्य रु. २०।-

प्रदेश	जिल्ला	प्र. नि. क्षेत्र	प्र. स. नि. क्षेत्र
प्रदेश १	१४	२८	५६
मधेश	८	३२	६४
बागमती	१३	३३	६६
गण्डकी	११	१८	३६
लुम्बिनी	१२	२६	५२
कर्णाली	१०	१२	२४
सुदूरपश्चिम	९	१६	३२
जम्माः ७	७७	१६९	३३०



आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिनका लागि सबै राजनीतिक दलहरु कम्मर कसेर जुटेका छन् । प्रदेश अनुसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य सिट संख्या विवरण ।

डोल्पामा भदै पुर्णिमाको रमझमले झपक्क

सुस्केरा समाचारदाता

डोल्पा, भदौ - डोल्पा यति बेला भदै पर्वको रमाइलोले झपक्क बनेको छ । भदै मान्ने गाउँबस्तिहरुमा वर्ष कै र माइलो गरी पर्व मनाइदै छ ।

डोल्पाका विभिन्न गाउँहरुमा सबैभन्दा रमाइलो गरेर मनाइने भदै पूर्णिमा अन्तर्गतको चतुर्दशी शुक्रवार भव्य रुपमा मनाइएको छ ।

डोल्पा जिल्लाका सर्मी, थापागाउँ रिमी, होर्त, इल, जुफाल, लोचा, उपल्लोदुनै, दापु लगायतका विभिन्न गाउँहरुमा आज भदै पूर्णिमा मनाइएको हो । यो पर्वको आज विशेष गरी धामी नाच्ने चलन रहेको छ । धामी नाच्ने जात्रु हे नें, रमाइलो गर्ने, पिङ लगाएर खेल्ने नाचगान गर्ने गरिन्छ ।

यस पर्वमा चतुर्दशीका दिनसम्म महादेवको मन्दिरमा पैठ मानेर जाग्राम गने र नाच्ने खेल्ने चतुर्दशीका दिनमा महादेवको पुजा सकिए पछि भदै पर्वका रुपमा दिनदिने दिउसो ३ बजे पछि गाउँका मुख्य व्यक्तिका छतमा जम्मा भएर नान्ने, राइ उठाउने चलन रहेको छ । राइ उठाइसके पछि गाउँ भरिका सबैको पर्वका रुपमा रहेको भदै पर्वको राइ फालेर भदै समापन गर्ने चलन रहेको छ ।

भदै पूर्णिमाको जात्रा आज भदौ शुक्ल पक्षको चतुर्दशीका दिन डोल्पाका धेरै गाउँहरुमा विभिन्न देवी देवताहरुको

.... .पेज नं. ८ मा

ठुलीभेरी नपाको प्रशासकीय भवन बन्दै

सुस्केरा समाचारदाता

डोल्पा, भदौ - हालसम्म प्रशासकीय भवन नभएको डोल्पा जिल्लाको सदरमुकाम रहेको स्थानीय तह ठुलिभेरि नगरपालिकाको प्रशासकिय भवनको शुक्रवार शिलान्यास गरिएको छ । ठुलिभेरि नगरपालिकाका नगर प्रमुख स्वबर्णकुमार बुढाले भवन शिलान्यास गर्नु भएको हो । उक्त नगरपालिकाको नाममा जुफाल स्थित ८ रोपनि क्षेत्रफलको जग्गा रहेको छ । उक्त जग्गामा वन्न लागेको भवनको कुल लागत भने १४ करोड ४२ लाख ८८ हजार १ सय २६ रहेको ठुलिभेरि नगरपालिकाले जनाएको छ ।

उक्त नगरपालिकाको आफ्नै भवन नहुदा अहिले पनि भाडाको घरबाट नै सम्पूर्ण सेवा दिइरहेको नगरप्रमुख बुढाले बताउनु भयो । नगरपालिकाको केन्द्र जुफालमा वन्न लागेको उक्त भवनको निर्माणको जिम्मा मेसिन लियोपार्ट जेविले पाएको जनाएको छ

.... .पेज नं. ८ मा

नागरिक अनुशासित र मर्यादित बनुन्

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ - राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रको उत्थानका लागि सबै नागरिक अनुशासित, मर्यादित र संस्कारयुक्त बन्नुपर्ने बताउनुभएको छ ।

शुक्रबार काठमाडौंमा आयोजित किताब जात्रा २०७९ को समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै र ाष्ट्रपति भण्डारीले राष्ट्रको उत्थानका लागि अनुशासित, मर्यादित र राज्यका निकायप्रति सम्मान गर्ने संस्कारयुक्त बन्नुपर्ने बताउनुभएको हो ।

राष्ट्रपति भण्डारीले भन्नुभयो, "कुनै पनि राष्ट्रको उत्थानका लागि हरेक नागरिक अनुशासित, मर्यादित, मुलुकप्रति समर्पित र राज्यका अरू निकायप्रति सम्मान गर्ने संस्कारयुक्त बन्नु अनिवार्य छ । यसका लागि सुगठित हुनु पहिलो सर्त हो ।"

.... .पेज नं. ८ मा

गाउँमा सिमीको उत्पादन बढ्ने

मेनुका बुढा

डोल्पा, भदौ - डोल्पा जिल्लाको जगुदुल्ला गाँउपालिकाका कृषकहरु यतिखेर खेतबारिमा पाकेको सिमिहरु घरमा भित्रियाउन लागेको वडा नं १ का कृषकले जानकारि दिनु भयो । उक्त गाँउपालिकाको विभिन्न वडाका कृषकहरु आज भोलि पाकेको सिमिहरु टिपेर घरमा लगेर चुटकुट गरेर घरमा भित्रियाउनमा व्यवस्थ रहेको स्थानियबासिहरुले बताउनु भयो । कृषकले दुख्ख कष्ट गरेर खेतबारिमा लगायको सिमि राम्रो उत्पादन भएपछि कृषकहरु निकै खुसि भएको हुरिकोर्ट वडा नं १ का स्थानिय बासिले जानकारि दिनु भयो । गत वर्ष सिमि राम्रो उत्पादन नहुदा घरमा दाल खान समेत धौ ,धौ भएको एक कृषकले बताउनु भयो ।गत वर्षको भन्दा यो वर्ष

.... .पेज नं. ८ मा

सिट बाँडफाँट सम्मानजनक हुनुपर्छ

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ - जनता समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले मंसिर ४ गते हुने निर्वाचनका लागि गठबन्धन दलबीचमा सम्मानजनक तरिकाले सिटको बाँडफाँट हुनुपर्ने बताउनुभएको छ । पिछडा वर्ग महासंघ नेपालको तेस्रो राष्ट्रिय सम्मेलनलाई शनिबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

गठबन्धनलाई निरन्तरता दिनुपर्ने पक्षमा आफु भए पनि सम्मानजनक तरिकाले सिटको बाँडफाँट नभए गठबन्धन अगाडि बढन नसक्ने चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, मधेशको शक्तिलाई कमजोर नठान्न मनेपाली कांग्रेस र कम्युनिष्ट पार्टीलाई यहीबाट आग्रह गर्छु ।

समानताविना लोकतन्त्र र स्वतन्त्रताको कुनै अर्थ नहुने भन्दै असमानता भएको समाजमा न्याय दिन कठिन हुने उहाँले बताउनुभयो । नेपालको शासन सत्ता र न्यायपालिकामा एउटै समुदायको

.... .पेज नं. ८ मा

मनोनयन पछि बहाल रहनेगरी कानून संशोधन गलत हो

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ - प्रदेश र प्रतिनिधिसभाको कार्यकाल लम्ब्याउने प्रस्तावबाट सरकार पछि हटेको छ ।

संसदको कार्यकाल लम्ब्याउन खोजिएको प्रति चौतर्फी विरोध भएपछि सरकार पछि हटेको हो ।

सरकारले प्रतिनिधिसभामा दर्ता गरएको 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'मा प्रदेश र प्रतिनिधिसभाको कार्यकाल नयाँ निर्वाचन भई पहिलो बैठक बसेको दिनबाट गणना गरिने उल्लेख छ ।

उम्मेदवारले मनोनयनपछि पनि पदमा बहाल रहनेगरी कानून संशोधन गर्नु उपयुक्त नहुने स्पष्ट पारेको छ । आयोगका प्रवक्ता तथा सहसचिव शालिग्राम शर्मा पौडेलले सोमबार आयोगको तर्फबाट विज्ञप्ति जारी गर्नुहुँदै सो कुरा स्पष्ट पार्नुभएको हो । संविधान बमोजिम संसद विघटन भएको अवस्थामा समेत निर्वाचनको मनोनयन हुने दिनदेखि नै सभामुख तथा उपसभामुख पदमा नरहने व्यवस्था रहेको आयोगले प्रष्ट पारेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभाको कार्यकाल सम्बन्धमा संसदमा विधेयक पेश भएकोप्रति निर्वाचन आयोगले ध्यानाकर्षण भएको जनाएको छ ।

प्रवक्ता पौडेलले विज्ञप्ति जारी गर्नुहुँदै केही नेपाल ऐन संशोधन गर्ने ऐनको माध्यमबाट प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ मा हाल कायम रहेको संसदको कार्यकाल

.... .पेज नं. ८ मा

डोल्पामा भदै ....

पुजा गर्ने गरिन्छ । विशेष गरी महादेव को पुजा गरेर भदै मनाउने गरिएको स्थानीयहरुले बताउनु भएको छ ।

शुक्ल पक्ष सुरु भएदेखि नै महादे वको मन्दिरमा नाचगान गर्ने, खेल्ने देवी देवताहरुका भजन किर्तन गने र चतुर्दशीका दिन पुजा गर्ने गरि न्छ । ठुलो पुजाका रुपमा मात्र होइन गाउँको सबैभन्दा महत्वपूर्ण चाडका रुपमा भदैलाई मनाउने यी गाउँहरुमा आजबाट विशेष चाडका रुपमा मना(उने गरिन्छ । ४, ५ दिनसम्म राइ झारे पछि राइ फालेर भदै समापन गर्ने गरिन्छ ।

आजबाट सर्मी, होर्त, थापागाउँ रि मी, इल, रुम लगायतका विभिन्न गाउँहरुमा आजबाट भदै पर्व सुरु भएको हो । भदै पर्वमा टाढाटाढा गएका आफन्तहरु आउने, नाचगान गरेर रमाइलो गर्ने, मिठो खाने, राम्रो लगाउने गरेर मनाउने, आफन्तहरु भेट हुने, खुसि मनाउने गरेर पर्व सक्ने गरिन्छ । डोल्पाका विभिन्न गाउँहरुमा भदै मान्ने र दशै मान्ने चलन रहेको छ । भदै मान्ने गाउँहरुमा दशैलाई अलि कम महत्वका साथ मनाउने गरे को पाइन्छ । भदै मान्नेहरुले आफ्नो मुख्य पर्वका रुपमा भदै लाई मनाउने गरेको पाइन्छ ।

त्यसै गरी आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उमेद्वार छान्नका लागि बैठक भैरहेका छन् । त्यस अनुसार नेकपा एमाले प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटी क ले उक्त प्रदे शसभा निर्वाचन क्षेत्रका लागि प्रत्यक्ष तर्फ उमेद्वार बनाउन एमाले डो ल्पाका अध्यक्ष शेरबहादुर बुढाको एक मात्र नाम सिफारिस गरेको जनाइएको छ ।

आज बसेको नेकपा(एमाले) प्रदेशसभा निर्वाचन क्षेत्र क डोल्पा समन्वय कमिटीको बैठकले प्रदेशसभा निर्वाचन क्षेत्र क बाट प्रत्यक्ष तर्फ निर्वाचन लड्नका लागि नेकपा(एमाले) जिल्ला कमिटी डोल्पाका अध्यक्ष शेरबहादुर बुढाको एक मात्र नाम सिफारिस गरेको उक्त कमिटीले जनाएको छ । त्यसै गरी उक्त निर्वाचन क्षेत्रको समानुपातिक तर्फ विष्णुबहादुर रो काया, प्रेमा शाही र प्रेमलाल वि.क. लाई सिफारिस गरिएको जानकारी आएको नेकपा एमाले डोल्पाले जनाएको छ । एमालेको प्रदेश निर्वाचन क्षेत्र ख समन्वय कमिटीको बैठक भने सुरु भएको तर केही सदस्यहरुको उपस्थिति हुने क्रममा रहेकाले निर्णय हुन बाँकी रहेको जनाइएको छ ।

एमाले डोल्पाले प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष तथा समानुपातिक उमेद्वारको नाम भोली बस्ने जिल्ला कमिटीको बैठकले निर्णय गर्ने जन(इएको छ । सकेसम्म सर्वसम्मत नाम सिफारिस गर्ने गरी पहल भैरहे को नेकपा एमाले डोल्पाका सचिव लंकबहादुर रोकायाले जानकारी दिनु भयो ।

नेपाली काँग्रेसको प्रदेश कार्यसमिति क र ख को बैठक बसिरहेको र आज बेलुकीसम्म प्रत्यक्ष तर्फ तथा समानुपातिक तर्फका उमेद्वारहरुको नाम सिफारिस गरिसक्ने र भोली ने

ठुलीभेरी नपाको .....

।नगरपालिकाको आफ्नै भवन भए पछि नगरपालिकाबाट हुने काम सबै सहज हुने नगरपालिकाले जनाएको छ ।

प्रमुख प्रशासकीय भवन निर्माण पछि नगरपालिकाले प्रवाह गर्नु पने सबै सेवाहरु सहज रुपमा प्रदान गर्न सकिने नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत डिलप्रसाद रो कायाले जानकारी दिनु भयो । उहाँका अनुसार भवन छिट्टो बन्ने छ ।

सिट बाँडफाँट .....

बर्चश्व कायम रहेको भन्दै समा(नतामा अधारित समाज निर्माण गर्न कानूनी रुपमा पिछडा वर्गको अधिकार सुनिश्चित हुनुपर्ने उहाँको भनाइ छ । आफनो अधिकारका लागि एक ठाउँमा उभिन पिछडा वर्गलाई उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारले सम्बोधन गर्न सकिने पिछडा वर्गका मागहरु धेरैजसो सम्बोधन भएको बताउनुभयो । असमानता र विभे दविरुद्धमा प्रदेश सरकारले विभिन्न(खालका कामहरु गरेको उहाँको भनाई छ ।

गाउँमा सिमीको ....

सिमि राम्रो उत्पादन भएको हुनाले आफुलाई दाल खान सहज हुने र सिमि किन्न नपर्ने स्थानिय वासिहरुले बताउनु भएको छ ।यो वर्ष सिमि र ाम्रो उत्पादन भएको हुनाले सिमि वे चेर घर खर्च चलाउन गारो नहुने वडा नं २ का कृषकले बताउनु भयो ।

त्यसैगरि वडा नं १ मा रहेको इङ्गदुङ्ग गुम्बाको आज बैद्धधर्मलम्बिहरुले पुजाआजा गरेको वडा नं १ का वडा अध्यक्ष सेरबाहादुर लामाले बताउनु भयो । उक्त गुम्बा वडा नं १,२ मा रहेका लामाहरुले मनाउदै आएको जनाएको छ । इङ्गदुङ्ग गुम्बाको पुजा आजा गरे पछि कुनै पनि रोगले छुन नसक्ने रोगहरुपनि हटेर जावस् भन्ने विश्वस रहेको वडा नं २ का एक

मनोनयन पछि .. ..

सम्बन्धमा समेत विधेयक पेश भएको विषयमा आयोगको ध्यानाकर्षण भएको जनाउनुभएको हो ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकालको प्रारम्भ हुने भन्नेमा स्पष्टता नभएको र प्रत्ये क सदस्यको निर्वाचित मितिलाई आधार मानी गणना गर्दा फरक-फरक मितिमा निर्वाचित भएको मान्नुपने अवस्था देखिएको आयोगको विज्ञप्ति तमा उल्लेख छ ।

आयोगले यो अवस्थामा दुवै सदनको कार्यकाल सम्बन्धमा अन्यथा हुनेगरी कानून संशोधन गर्नु वाञ्छनीय नदे खिएको बताएको छ ।

पहिलो निर्वाचित मितिलाई आधार मानी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पदावधि गणना गर्नु व्यवहारिक र निर्विवाद देखिएकाले आयोगको परामर्श लिई सरकारले मंसिर ४ गते निर्वाचनको मिति घो षणा गरेको आयोगले स्पष्ट पारेको छ । आयोगले यो अवस्थामा दुवै सदनको कार्यकाल सम्बन्धमा अन्यथा हुनेगरी कानून संशोधन गर्नु वाञ्छनीय नदे खिएको बताएको छ ।

संविधान बमोजिम संसद विघटन भएको अवस्थामा समेत निर्वाचनको मनोनयन हुने दिनदेखि नै सभामुख तथा उपसभामुख पदमा नर हने व्यवस्था छ । यो सन्दर्भमा प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्यहरुको पद मनोनयनपछि पनि कायम रहनेगरी कानुन संशोधन गर्न उपयुक्त नहुने आयोगको सुझाव छ । आयोगको सहभागिता वा पर ामर्शविना विधेयकको मस्यौदा पेश भएको बुझिएकाले यस सम्बन्धमा गरिने नयाँ व्यवस्थाबाट थप अन्यौल उत्पन्न हुनसक्ने विज्ञप्तिमार्फत् आयो गले स्पष्ट पारेको छ । यसका साथै, निर्वाचनसम्बन्धी कानून निर्माण तथा संशोधनको प्रक्रिया अघि बढाउँदा आयोगसँग परामर्श र समन्वय गर्न पनि आयोगले आग्रह गरेको छ ।

नागरिक अनुशासित .. ..

राष्ट्रपति भण्डारीले नागरि कहरु मुलुकप्रति समर्पित हुनुपने बताउनुभयो । उहाँले अनुशासित, मर्यादित र संस्कारयुक्त हुनका लागि अध्ययनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रपति भण्डारीले अध्ययनले सत्यको खोज र तथ्यको पहिचान गर्ने क्षमता बनाउने भन्दै सोही क्षमताको आधार मा राष्ट्रको समृद्धिका जगहरु निर्माण हुने उल्लेख गर्नुभयो ।

विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

देशको स्वाभिमान

भागबण्डाको बार्गेनिङमा मै बित्यो दिन देशको स्वाधिनता, स्वाभिमानलाई लत्याउदै विदेशी प्रभुको आशीर्वाद खोज्न मै हाम्रा देशका ठुला राजनीतिक दलका नेता कार्यकर्ताहरु लागि परेको प्रस्ट यो पटक देखिएको छ । हामी देखिरहेका छौं । देशको स्वाधिनतामा प्रभाव पार्ने नागरिकता विधेयक पास गर्न राष्ट्रियताको भाषण गरेर नथाक्ने प्रचण्ड भारत पुगेर वार्ता गरी गठबन्धनले आफूलाई प्रधानमन्त्री बनाइदिने भर्म पछि यो नागरिकता विधेयक पास गरी प्रमाणिकरणका लागि राष्ट्रपति कहाँ पठाउने कार्यमा सबै भन्दा सक्रिय छन् । राष्ट्रपतिलाई विधेयक प्रमाणिकरण गर्न धम्काइ रहेको प्रष्ट देखिन्छ ।

यसरी देश भाडमा जाओस् आफू देशको प्रमुख पदमा पुग्न जनताको मन जितेर होइन देशको एक उच्च नेतासे विदेशी शक्तिसँग प्रधानमन्त्रीका लागि भिख मागेर बस्नु पक्कै पनि राम्रो संकेत होइन । उता प्रधानमन्त्री जस्तो सम्माननिय पदमा आशिन व्यक्तिले आगामी निर्वाचन पछि राष्ट्रपति पदका लागि उस्तै गरी विदेशी इसरामा देशको स्वाभिमान, स्वाधिनतालाई लत्याउनु अझ असुभ संकेत मान्न सकिन्छ । किनकी विदेशी शक्तिका आडमा यो निर्वाचन त जितिएला तर देश हार्ने पक्का छ ।

हामीले प्रष्ट देखि सक्यौं हाम्रा अगाडि नाटक मञ्चन भैरहेको छ । हिजो अस्ति उच्च स्वरले कुर्लेर देशि विदेशी दलाल भनेर अरुलाई गाली गर्ने आफू राष्ट्रवादी कहलाउने माओवादी केन्द्र, एकिकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका नेताहरुले आफू पदमा बस्न र अकोलाई निच देखाउनका लागि मात्र एमसिसि पास गरे, एसपीपी ल्याउन्नौं भनेका छन् यो पनि ल्याउने सडयन्त्रपूर्ण पत्र लेखिसकेको हल्ला सुनिने गरेको छ । एमसिसि पास गर्दा प्रचण्डले यसै प्रकारको पत्र पहिले नै पठाइसकेका थिए भन्ने हल्ला चलेको थियो जति इन्कार गरे पनि पछि त्यो सत्य प्रमाणित भयो । नागरिकता विधेयक पनि पास गरेका छन् राष्ट्रपतिलाई प्रमाणित गराउन हरेक तरहले धम्काइ रहेका छन् । यो सबै खेलखण्ड आसन्न निर्वाचनमा चुनाव जित्न विदेशी शक्तिको आशिर्वाद खोज्दै अप्राकृतिक गठबन्धन गरेर अमेरिकी साम्राज्यवादका अघि लम्पसार परेको प्रमाण हो ।

अझ भन्नु पर्दा सुशासन, पारदर्शीता, न्यायिक तथा कानुनी शासनको खिल्ली उडाउदै जनभावनालाई कुल्चदै हरेक विकास निकासका कामहरुलाई वास्ता नगरी केवल निर्वाचनका लागि सिट बाँडफाँटका लागि रातदिन सिनोका वरिपरि काग गिद्दले सिनो लुछिरहे को जस्तो भान हुने गरी राजनीतिक दलहरुको व्यवहार भैरहेको देखिन्छ । यसमा राजनीतिक दलहरुको व्यवहारमा सुधार आवश्यक छ । सत्ता देशको जुन दलले संहाले पनि हुन्छ तर उसले जनभावनाको कदर गर्न सक्नु पर्छ, प्रजातान्त्रीक व्यवहार गर्नु पर्छ, अनुशासन, सुशासन, पारदर्शीता कायम गरी शासन संचालन गर्नु जरुरी छ । सत्तामा जानु छ भन्दैमा आफूले जनता सामु गरेका हरेक वाचा भुल्न हुँदैन, आफू सत्तामा जान अरुलाई नराम्रो देखाएर भन्दा आफू राम्रो भएर । देशको स्वाभिमान उच्च राख्दै आफ्नो राजनीति गर्दा उचित हुन्छ ।

कवि र कविता

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

..... विगतका छायालाई
वर्तमानमा सुनौलो इतिहास
देखाएर सुनिश्चित भविष्य रोप्ने
सर्वयुग द्रष्टा पो त कवि
कुण्ठा बैराग्य र निराशालाई
साधन बनाएर शब्दमा
आत्मालाप सजाउनु जो छ
आदर्श र आदरणीय बन्नु जो छ

उसो त
आफूसँग नभएको कुराको
खोजी हुनु न हो मानवीय स्वभाव
मान्छेभन्दा माथि र भिन्न हुने
चाहना होला कविको र त
अनि कहाँ हुन्छ र
कविता जस्तो कवि

गरिबीको कविता लेख्न सजिलो छ
यत्रतत्र छरपस्ट छ बेथिति
गरिब भएर हेपिएर निर्धो भएर पो
कवि हुन गार्हो छ
आफ्नो कविता लेख्न गार्हो छ
त्यसैले फुटेका कुर्कुच्चा र दुखाइको क्रन्दन
कागजमा पो मर्म पोख्छन्
यथार्थमा त पीडा मात्रै हुन्छ
श्रमको सम्मान भन्दा र सुन्दा मिठो हुन्छ
आइपर्दा मोलमोलाइ गर्नै पर्छ त
अनि कहाँ हुन्छ र
कविता जस्तो कवि

लैङ्गिक समानता र स्वतन्त्रता
लेख्नै पर्छ शब्द मिलाएर
अझै आलङ्कारिक बिम्ब सहित
नत्र आफ्नो लाचारीका कुरा
कसरी छोपिनु र
कमजोरी स्विकार्दा मान्छेबाटै
तल झर्छु कि भन्ने भए पछि
अनि कहाँ हुन्छ र
कविता जस्तो कवि

अँध्यारो अँगालोको लपेटोमा
धर्मपति र धर्मपत्नी लपेटिनु छ नै
मानसिकतामा जो जसरी नाचे पनि
घरमा उम्रने तनावको बिउको बोटमै
खिचातानी बिसर्जन गरिदिन्छ
एउटा कवि
त्यसैले त
कहाँ हुन्छ र
कविता जस्तै कवि

सामाजिक इज्जत र प्रतिष्ठाको
पर्दा भित्र नेपथ्यमा मच्चिने
भोकको आन्दोलन
दर्शकले कसरी देख्नु ?
त्यसैले पनि त
कहाँ हुन्छ र
कविता जस्तो कवि

डलरको हरियो चौरमा
पूँजी श्रम र अधिकार लोटाएर .....

खेलकुद

मध्यपुर थिमी-७ टिम च्याम्पियन

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ - मध्यपुर थिमी ननगरपालिका-७ भक्तपुर जिल्ला(व्यापी अन्तर वडा ब्याडमिन्टन प्रतियो गिताको टिम च्याम्पियन बनेको छ । थिमी-७ ले एक स्वर्ण दुई रजत पदक जित्दै टिम च्याम्पियन बनेको हो । मध्यपुर थिमी-८ दोस्रो भयो । उसले एक स्वण र एक कांस्य जित्यो । एक स्वर्ण प्राप्त गरेका सूर्यविनायक नगर पालिका-८ र मध्यपुर थिमी-४ संयुक्त तेस्रो भयो ।अन्तर्राष्ट्रिय ब्याडमिन्टन विकास केन्द्रको आयोजना तथा भक्तपुर जिल्ला ब्याडमिन्टन संघको तत्वावधानमा भएको प्रतियोगितामा पुरुषतर्फ सूर्यविनायक नगरपालिक(ाका आयुष प्रजापती र महिला तर्फ मध्यपुर थिमी-४ की कृषा श्रेष्ठ पहिलो हुनुभयो । आयुषले सूर्यविनायक-३ का रमेश बस्नेतलाई २१-१३, १८-२१, २१-१६ र कृषाले मध्यपुर थिमी-७ की सर्मिला केसीलाई २१-१८, १७-२१, २१-१२ ले हराउनुभयो । पुरुष युगलतर्फ मध्यपुर-७ का भीमराज कार्की र साजन न्यौपानेको जोडी पहिलो हुनुभयो । पुरुष युगल ४५ वर्षमाथिको प्रतिस्पर्धामा थिमी-८ का पूर्णहरि होना र प्रेमभक्त ज्यानाको जोडी पहिलो हुनुभयो । प्रतियोगितामा शीर्ष तीन स्थानमा रहने खेलाडीले क्रमशः २० हजार, १० हजार र पाँच हजार रुपियाँ पुरस्कार प्रदान गरियो । विजेतालाई समाजसेवी अष्ट को वे, भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक थापा, भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका

लुट्न सके लुट, बल्ल सान्दर्भिक

- गणेश पाण्डे

मुलुक यतिबेला आर्थिक संकटबाट गुज्रिरहेको छ । झण्डै श्रीलंकाको हाराहारीमा अर्थतन्त्र रहेको भनी अर्थविद्हरुले चेतावनी दिइरहेका छन् । तर, शेरबहादुर देउवा नेतृत्वको सर कार यति मस्त छ कि अर्थतन्त्रलाई माथि उठाउन पहलकदमी लिँदै त्यही अनुरुपको आचरण अपनाउनु त कहाँ हो कहाँ ! जसरी पनि राज्यको ढुकुटी रित्याउन यो सरकार लागिपरेको छ । अप्राकृतिक रुपमा गठन भएको दे उवा सरकार राज्यको ढुकुटी दोहनमा कसरी लागेको छ भन्ने उदाहरण सर कारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले बुधबार सार्वजनिक गरेको मन्त्रिपरि षद्को निर्णय हेरे पुग्छ । सञ्चार मन्त्री कार्कीले सार्वजनिक गरे अनुसार मन्त्रिपरिषदको भदौ २१ गते बसेको बैठकले २६ वटा निर्णय गरेको छ । त्यसमध्ये १३ वटा निर्णय त विदेश भ्रमण सदरका छन् । अझ रोचक के छ भने सिंहदरबारमा सञ्चारमन्त्रीले सरकारी उच्च ओहादाका लागि लावालस्करसहित विदेश भ्रमणका लागि अनुमति दिएको निर्णय सुनाइर हँदा प्रधानमन्त्री देउवा भने निज(ामति कर्मचारीहरुको कार्यक्रममा निजामति कर्मचारीहरुलाई विदेशबाट पैसा मागरेर तलब दिनुपर्ने अवस्था आएको भन्दै निरीहता पोखिरहेका थिए । प्रधामन्त्री देउवा सार्वजनिक कार्यक्रममै तलब खुवाउन ऋण खो ज्नुपर्ने स्थिति आएको भन्ने, तर उनी आफ्नै नेतृत्वको मन्त्रिपरिषदको बैठकबाट धमाधम विदेश शयरका लागि सदर गर्ने ! त्यसो भए विदेशबाट ऋण खोजेको पैसाबाट मन्त्री र उच्च सरकारी अधिकारीहरुलाई जन्ती गए जसरी विदेश भ्रमणको अनुमति उनले किन दिइरहेका छन् ?

विदेश भ्रमणको सूची लामो छ । मन्त्रिपरिषद्बाट भदौ लागेयता १६ वटा भ्रमण दलले स्वीकृत पाइसकेका छन् । मन्त्रिपरिषद्को भदौ २१ गते को निर्णय अनुसार असोज १० देखि १४ गतेसम्म अर्थमन्त्री जनार्दन शर्मा लावालस्करसहित फिलिपिन्सको मा(नलामा जाँदैछन् । शिक्षा मन्त्री देवे न्द्र पौडेल असोज ७ देखि ११ गतेसम्म अष्ट्रियाको भियनामा हुने कार्यक्रममा सहभागी हुँदैछन् । उनलाई दुई हप्ता अघिको बैठकले आइभरीकोष्टको पनि अनुमति दिएको थियो । शिक्षा राज्यमन्त्री बोधमाया कुमारी यादव उज्वेकिस्तान जाँदैछिन् ।

वन तथा वातावरण मन्त्री प्रदीप यादव भदौ २७ गतेदेखि ३१सम्म बेल्जियममा हुने कार्यक्रममा उड्दैछन् । वनमन्त्री यादवले यसै महिना रसिया भ्रमणको पनि स्वीकृति लिएका थिए । वन मन्त्री यादव नेपालसँग धेरै साइनो नभएको देश सेनेगलमा पनि जाँदैछन् ।

सरकारी रकममा विदेश शयर गर्न अनुमति पाएकामा मन्त्री मात्र हो इनन्, सरकारका सचिवदेखि महा(नगरपालिकाका मेयरसम्म छन् । प्रधानमन्त्री कार्यालयका सचिव भदौ २७ गते सिंगापुरमा हुने कार्यक्रममा जाँदैछन् । उद्योग वाणिज्य मन्त्रालयका सचिव डा. तोयानाथ ज्ञवाली कात्तिक १४ देखि १८ गतेसम्म क्यानडामा हुने कार्यक्रममा सहभागी हुन जाँदैछन् । परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्याल भदौ २८ र २९ गते नेपाली टोली लिएर भारत भ्रमणमा जाँदैछन् । युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मी भदौ २७ गतेदे

संस्कृति, कला, बाल संशार



भदै पर्वको रौनक नै धामी नाच हो ।

एमालेमै फर्किए एस अध्यक्ष र इन्चार्ज

सुस्केरा समाचारदाता

गुल्मी, भदौं - नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का नेता एमाले मै फर्किएका छन् । सोमबार एमाले पार्टी कार्यालयमा एकता घोषणा कार्यक्रमको आयोजना गरी समाजवा(दीका जिल्ला इन्चार्ज गणेश खनाल, अध्यक्ष नरेश भण्डारी, युवा संघका ने ता हिमाल श्रेष्ट लगायतका नेताहरु एमालेमै फर्किएका हुन् । आफुहरु जुन लक्ष्य लिएर समाजवादी पार्टीमा लागे को हो, त्यसअनुसार काम हुन नसक्दा एमालेमै फर्किएको जिल्ला अध्यक्ष नरे श कुमार भण्डारीले बताए । 'स्थानीय तहको निर्वाचनमा आफ्नै मित्रहरुलाई पराजित गर्नमा हामीहरुले ठुलो भूमिका खेल्यौ ।' भक्कानिदैं भण्डार ीले भने, 'त्यो हाम्रो तर्फबाट गरिएको भुल थियो, अहिले त्यसलाई सच्चाएका छौ ।' जिल्ला इन्चार्ज गणेश खनालले आफुहरु कम्युनिष्ट भएर काँग्रेससँग सहकार्य गरेर समाजवाद नआउने भएकोले समाजवादी छोडेको बताए । कार्यक्रममा बोल्दै एमालेका केन्द्रीय सचिव गोकर्ण विष्टले गुल्मी जिल्ल(ाबाट एकताको संदेश दिएको उल्ले ख गरे । साथै अब पार्टीमा काम गने ं शिलशिलामा पनि कहिल्लै भेदभाव नगर्ने समेत प्रतिवद्धता व्यक्त गरे । त्यस्तै उप-महासचिव प्रदिप ज्ञवाल(ीले समाजवादीका नेताहरुले सही समयमा सही निर्णय गरेको बताए । पछिल्लो समय गठबन्धनको सरकारले जनपक्षीय काम नगरेकोले समाजवाद निर्माणका लागि एमालेमा आउनु र ाष्ट्र निर्माणको महत्वपूर्ण बिषय भएको ज्ञवालीको भनाई छ । उता एकीकृत समाजवादी गुल्मीले भने नेता भण्डारी र खनाललाई पदको दुरुपयोग गरेको आरोप लगाएको छ । समाजवादीका जिल्ला सह-इन्चार्ज गणेश विश्वकर्मा, उपाध्यक्षद्वय चन्द्र सुनार र राममल्ल ठकुरीद्धारा हस्ताक्षरीत प्रेस विज्ञप(तीमा पार्टी हितविपरित काम गरेको

सामान्य ज्ञान ५०

१. सरकारले ४० माइक्रोभन्दा पातलो प्लास्टिक झोलाको उत्पादन, आयात, बिक्रीवितरण र प्रयोगलाई कहिलेदेखि देशभरि नै कडाइका साथ लागू गर्ने निर्णय गरेको हो ?

☐ वि.सं. २०७९ भदौ ७ (यससम्बन्धमा यसअघि पनि विभिन्न प्रयास हुँदै आएका।)

२. सन् २०२२ जुलाई ८-३१ सम्म सञ्चालित कोपा अमेरिका फेमेनिना च्याम्पियनको उपाधि जित्न सफल राष्ट्र कुन हो ?

☐ ब्राजिल

- सन् २०२२ जुलाई ३१ मा भएको फाइनल खेलमा घरेलु टोली को लम्बियालाई १-० गोल अन्तरले पराजित गर्दै ब्राजिलको महिला फुटबल टिम आठौँ पटक कोपा अमेरिका फेमेनिना च्याम्पियन बनेको । योसमेत ब्राजिलले लगातार चौथो पटक कोपा अमेरिका फेमेनिनाको उपाधि उचालेको ।

- प्रतियोगितामा १० राष्ट्रको सहभागिता रहेको।

३. होलसेल बैङ्किङ अवार्ड तथा नेपाल डोमेस्टिक इनिसिएटिभ अफ द इयर अवार्डबाट सम्मानित हुने बैङ्क कुन हो ?

☐ एसबीआई बैङ्क

- सिङ्गापुरको एसियन बैङ्किङ एन्ड फाइनान्सले होलसेल बैङ्किङ अवार्डअन्तर्गत सो अवार्ड प्रदान गरेको ।

- एबीएफ होलसेल बैङ्किङ अवार्ड उत्कृष्ट एवं भरपर्दो

कर्णालीलाई फर्केर हेर्दा



तिलक पौडेल

मेरो मुगु र डोल्पा बसाइका बेला

. ..... हुन पनि २०३५ चैत्रदेखि हड् ताल सुरु भई २०३७ मा जनमत सङ्ग्रहको नतिजा आउञ्जेल क्याम्पस पढ्ने वातावरण पनि थिएन । लगत्तै जसो अर्थात् नतिजा ननिस्कँदै आफैंले पढेको विद्यालयमा शिक्ष(कका रूपमा भर्ति गराइयो । सोही पञ्चवर्षीय योजनामा भारतसँग २५० जना जलविद्युत सम्बन्धी इञ्जिनियर तयार पार्ने सम्झौता भएको चर्चा थियो । जस अनुसार हाम्रो लटका अधिकांश साथीहरू इञ्जिनियरिङ्ग विष(ाय छात्रवृत्तिको सुविधामा भारत गई अध्ययन गरे । २०३८ सालमा मात्र ऋभिबच गरेका भारतमा पढेर पनि जम्मा ५२% अङ्क ल्याएका साथीहरू पनि उपर्युक्त सरकारी प्रावधानबाट लाभान्वित भए ।

मलाई पनि सनक चलेर देशदर्शन एवम् साथीहरूलाई सहयोग हुने देखी कर्णाली प्रवेश गरेको थिएँ । त्यसमाथि २०३९ साललाई जीवनको अँ ! वर्ष (थ्मक एभचष्यम) अर्थात् कसैले के ही खाइरहेकोछ र मलाई पनि खान अनुरोध भएमा नाइँ/अहँ ! नभन्ने चाहे त्यो विषै किन नहोस् । यही घो षणा अनुसार गाँजा, रक्सी, चुरोट, चरे श, खैनी, सुर्ति आदि हुँदै एकपटक त धतुरो समेत खाएँ । सँगै धतुरो खाएको साथीलाई त ढोकामै साँचो लगाएर थुन्नु परेथ्यो । मलाई भने अद्भूतको अनुभव भयो । पाँचपाण्डवले निर्माण गरेको लाक्ष्यगृह जस्तै - सम्म ठाउँ भीर जस्तो, अनि भीर सम्म भूभाग जस्तो ।

दुर्गम क्षेत्रमा अध्ययन/अध्यापनप्रतिको हेलचक्र्याईको प्रतिफल !

जगतमाला प्रस्तावित माध्यमिक विद्यालयको गणित/विज्ञान विषयको अध्यापन गर्ने शिक्षकको रूपमा भर्ना भएपछि ९ कक्षामा पढ्ने ७ जना विद्यार्थीहरूलाई गणित/विज्ञान सिकाउन थालें । दोश्रो दिनमै विद्यार्थीहरूले जोड, घटाउसम्म पनि स्पष्ट नबुझेको पाएँ । अनि विद्यार्थीको मस्तिष्कमा गणितको जग खन्न थालें - जोड, तेर्सो जोड, दशमलवको जोड, भिन्नको जोड अनि त्यस्तै घटाउ, गुणन, भाग, लघुत्तम समापवर्त्य, महत्तम समापवर्तकका इटा चिन्दै गर्दा वार्षिक अध्यापनको अवधिरूपी घर पूरा भयो । संयोग वार्षिक पर ीक्षा सञ्चालन भइरहेको बेलामा गमगढीबाट तत्कालीन जिल्ला शिक्षा अधिकारी श्री दोलख बहादुर गुरुङ्ग विद्यालय निरीक्षणका क्रममा धैनमै पुगे । अर्को संयोग भोलिपल्ट गणितको परीक्षा परेको थियो । जम्मा ७ वटा सेट प्रश्न तयार पार्नुपर्ने भएकाले मै ले अग्रीम प्रश्न बनाएको थिइन । सो ही दिन १० बजे नै विद्यालय पुगेर एक छेउमा बसी प्रश्न तयार पार्दै थिएँ । ध्यानमग्न मेरा समीपमा शिक्षा अधिकारीज्यू पाल्नुभई प्रश्न हेर्नुभएछ । कक्षा : ९, विषय : गणित, पूर्णाङ्क : १००, समय : ३ घण्टा, सबै प्रश्नहरू अनिवार्य छन् भन्ने व्यहोराका साथ जोड गर, घटाउ गर, गुणन गर, भाग गर ... ... जस्ता प्रश्नहरू देखेर के गर्दै हो पौडेलजी ! प्रश्न निकाल्दै हो कि क्या हो ? कति कक्षाको हो ? ..... भनी प्रश्न गर्नुभयो । मैले शीर्षभागमा छुटेछ कि ? जस्तै नियालेर कक्षा ९ को भनी उत्तर दिंदो भएँ । अनि जोड, घटाउ .... भन्नु हुँदा सर ! पर ीक्षा भनेको पाठ्यपुस्तकमा भएका पाठहरूमध्येबाट खँदिला प्रश्नहरू विद्यार्थीका सामु तेर्स्याउनु हो भने त गल्ती भयो, हैन परीक्षा भनेको त दिएको समयावधिमा शिक्षकले सिकाएको व्यहोरा विद्यार्थीले कतिको बुझेछन् भनी कसीमा घोट्नु हो भने म यहाँ सरुवा भैआउँदा विद्यार्थीको स्तर शुन्य थियो र अहिले लस., मस., भिन्नको जोड-घटाउ, दशमलवको गुणन-भाग जस्ता गणितीय प्रसङ्गहरू सिकाइएको अवस्था भएकाले सो ही व्यहोरा कत्तिको सिकेछन् भनी थाहा पाउन यस्ता प्रश्नहरू निकाल्न विवश छु सर .... भनी उत्तर दिएथे ँ। दुर्गम क्षेत्रमा शिक्षक एवम् पाठ् यपुस्तकको सामयिक आपूर्तिको कमी अनि अध्ययन/अध्यापनप्रतिको हे लचक्र्याईको प्रतिफल !

परम्परागत सोचाइमै जर्कडिएको परिवेश !

वास्तवमा असार साउन महिनाको काज स्वीकृत गराएर म धैनमै बसें । बझाडका कठायत साथी धैन हेल्थपो ष्टका इञ्चार्ज हुनुहुन्थ्यो । प्रधानपञ्च कर्मे जैसीका भाइ, हाम्रा सहकर्मी दे वप्रसाद जैसीको घरको छतमा रहेको पाँडघरमा हेल्थपोष्ट राखिएको थियो । एकदिन गाउँमुनि खेतमा रोपाई चलिरहेको थियो । लामा-लामा दाँती भएको मोहीबाट नजोतिकन साहेरमात्रै धान रोपिएको थियो । हामी थाडाबाट अवलोकन गरिरहेका थियौं । प्रधानजी हामी भएको ठाउँमा आउनु भयो । मैले भनें यत्रो धैनको फाँट भएर पनि किन भातै (धानैका चामलको) खान पुग्दो रहेनछ भनेको त नजो तिकनै साहेर रोप्ने गरेर पो रहेछ त ! हँ प्रधानदाइ? तब प्रधानजीले आऽऽऽ कुडा गह्राहौ र ! हेरी राख प धैं, हाम्मा घरमुनि नजोत्याको र तलीकाख जोतेर रोपेको, कहाँ भौति धान फल्दो भ'ह ? तपाईंको घर नजिक त गाउँको पोर्सनी/मलिलो पानी गएको हुँदा त्यसो भएको हो । वास्तवमा २/४ दिन पानी डम्क्याएर, हलोले जोतेर हिल्याउने र साहेर रोप्ने हो भने, अझ धेरै धान फल्नेछ, बुझ्नुभयो ? भनी कठायतजीले भन्नु भयो । तर कमे दाइले आफ्नो अड्डी छाडेनन् । प्रसङ्गवश धान कुट्ने ढिकीको कुरा चलाइयो र नमूना देखाइयो पनि । प्रधानले त झन् ढिकीको प्रयोगले अनिकाल लाग्ने व्यहोरा जनाए । हामीले त्यहाँ ढिकीको सिद्धान्त बाहेक व्यवहार भित्र्याउन सकिएन ।

मनोरञ्जनको निर्वैकल्पिक साधन मै थुन

एकदिन त्यही हेल्थपोष्ट मुनिको घरभेटीले बिरामी छोरा लिएर आए । कठायतजी र म थाडामा घाम तापेर बसिरहेका थियौं । हेर्दा राम्रो केटाको छाती हप्याक-हप्याक गरेको प्रष्ट देखिन्थ्यो र घ्यार-घ्यार सुनिन्थ्यो । कठायतजीले जाँच गरेर भन्नुभयो यहीं घर भएर र जान्ने बुझ्ने मान्छे भएर पनि हिजो अस्ति किन नदेखाउनु भएको छोरालाई ?

आऽऽ डाइडरसा'प ! रोपाईंको माचो छियो, देख्नु भएन बेली अइथीसम्म । अँदेइ, कहिले मरिजाला पन स्हो च्यौं, जातक धेरै छन् अँझ कति हुन्या हुन्, मर्यापन क्या चाड्नेछ ? भनीकन ल्याइस्हकेनौं हेन्नुहोस् । बे ली रोपाईं पन स्हकियो, यो पन मडे न, अँदेइ आइत ल्यायाँ हजुर ! राम्मो ओक्तो गड्दिनुहोस् प, कैले बाँचे पै बाँचला ! भन्दा भए । कठायतजीले औषधि दिएर उनीलाई बिदा गरी पठाएपछि मलाई भन्नुभयो हेर्नुहोस्, अस्ति-झन्अस्तिसम्म यहाँ ल्याएको भए केटो बाँच्ने थियो । न्यूमोनियाको चरमावस्था (ऋचष्तष्अर्व अबकभ) हो - अब बाँच्ने आशा साह्रै थोरै छ" । मनोरञ्जनको निर्वैकल्पिक साधन मैथुन र त्यस्को नतिजा सन्तान ! अस्तित्वको लडाइँ (क्तचगननभि ायच भ्हष्कतवलअभ) को सिद्धान्त, धेरै जन्माउँदा आमाहरूको ज्यानमा समेत खतरा ! परम्परागत सोचाइमै जकडिएको परिवेश !

डुङ्गा विरोधी नीति - छोरा-छोर ीहरूलाई खुला छाडिदिने परिपाटी !

संयोग जिल्ला शिक्षा कार्यालयले मलाई मिनपचासे बिदामा काजमा बस्ने स्वीकृति दियो । सोही क्रममा धैनभन्दा माथि कोट भन्ने गाउँमा मल्लबाडा बाउसाहेबको घरमा मेरो बसाइ थियो । बाहिरी कोठामा मेरो सुत्ने ठाउँ थियो । एकदिन हफल्ला स्हाहीबाडा (माथिल्लो शाही टोल) का ठिटाहरू छोट्टी खेल्न (गीत गाउन) भनी त्यही मल्लबाडा तिर आएछन् ।

..... क्रमशः .....

शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

पत्रकारको अभिलेखन

- दीपक खनाल

कसलाई भन्ने पत्रकार ? सर्वप्रथम पत्रकारको परिभाषा खोजौं। सैद्धान्तिक परिभाषाअनुसार समाचार सङ्कलन, लेखन, सम्पादन र सम्प्रेषण कार्यमा प्रत्यक्ष सहभागी वा सक्रिय हुने व्यक्तिलाई पत्रकार भनिन्छ। अर्थात् समाचार माध्यमबाट समाचार एवं समाचार सामग्री सम्प्रेषण गर्ने व्यक्ति नै पत्रकार हो। अक्सफोर्ड एड्भान्स लर्नर डिक्सनरीका अनुसार पत्रपत्रिका र म्यागेजिन, टीभी र रेडियोका लागि सामग्री सङ्कलन, लेखन, सम्पादन र प्रकाशन गर्ने कार्यलाई पत्रकारिता भनिन्छ। उक्त डिक्सनरीले पनि समाचार सङ्कलन, लेखन, सम्पादन र सम्प्रेषण (वितरण र प्रसारण वा प्रकाशन) कार्यमा सक्रिय व्यक्तिलाई पत्रकार भने पनि अनलाइन समाचार माध्यमसम्ममा समाचार सङ्कलन, लेखन, सम्पादन, सम्प्रेषण गर्ने व्यक्तिलाई पत्रकार भन्न सकेको छैन ।

नेपाल पत्रकार महासङ्घको विधान २०६० (पाँचौं संशोधन २०७५) मा पत्रकारको परिभाषा दिँदै लेखिएको छ, पत्रकार भन्नाले छापा, प्रसारण तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आबद्ध यस विधानबमोजिम तोकिएको योग्यता पुगेको समाचार सङ्कलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रव्य दृश्य सम्पादक एवं स्वतन्त्र पत्रकारसमेतलाई जनाउँछ ।

प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) मा पनि झन्डै झन्डै महासङ्घको विधानको जस्तै परिभाषा दिइएको छ। यसअनुसार पत्रकार भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्दछ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधानसम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्तिसमेतलाई सम्झनुपर्दछ।

यी परिभाषालाई आलोचनात्मक रूपमा हेर्न आवश्यक छ। यी परिभाषामा स्तम्भ लेखक, कार्टुनिष्ट (व्यङ्ग्य चित्रकार), प्रेस क्यामरापर्सन, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा दृश्य सम्पादक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा गर्ने, प्राविधिक पक्ष हेर्ने व्यक्तिलाई समेत पत्रकार भनिएको छ। जबकि समाचार सङ्कलन, लेखन, सम्पादन, सम्प्रेषण गर्नेबाहेक अन्य व्यक्तिलाई खास पत्रकार भन्न सकिँदैन। यीत प्राविधिक पक्षमा मात्र काम गर्ने व्यक्ति हुन्। शुद्धाशुद्धि मात्र हेर्ने, तस्बिर मात्र खिच्ने, कोठैमा बसेर समीक्षा गर्ने, स्तम्भ लेख्ने, कार्टुनचित्र मात्र बनाउने व्यक्तिलाई कसरी पत्रकार भन्ने ? हो, यस्ता व्यक्ति समाचार सङ्कलन, लेखन, सम्पादन र सम्प्रेषण गर्ने कार्यमा सामेल हुने गरेको भए यिनीहरूलाई पत्रकार भन्न सकिन्छ। बरु यी प्राविधिक पक्षमा मात्र काम गर्ने व्यक्ति भए पनि सञ्चारकर्ममा नै संलग्न भएकोले यस्ता व्यक्तिलाई सञ्चारकर्मीसम्म भन्न सकिन्छ।

अभिलेखन र वर्गीकरण किन ?

परिभाषा यकिन भइसकेपछि श्रमजीवी पत्रकारको अभिलेखन गर्नुपर्दछ। नेपाल बार काउन्सिलले कानुन व्यवसायी, मेडिकल काउन्सिलले चिकित्सकको अभिलेख राखेजस्तै प्रेस काउन्सिल नेपाल वा पछि बन्ने मिडिया काउन्सिलले पत्रकारको अभिलेख राख्नुपर्दछ। पत्रकारको अभिलेखन भएपछि मात्र पत्रकारको वर्गीकरण गर्न सजिलो हुन्छ। अभिलेखनपछि वर्गीकरण गर्नुपर्दछ। भर्खर पत्रकारितामा प्रवेश गरेका र लामो समयदेखि पत्रकारितामा आबद्ध पत्रकारलाई उही दर्जामा राख्नुहुँदैन ।

नेपाल कानुन व्यवसायी परिषद्ले अधिवक्तालाई वरिष्ठ अधिवक्ता र अधिवक्ता भनेर वर्गीकरण गरेजस्तै पत्रकारलाई पनि वरिष्ठ पत्रकार र पत्रकार भन्न सकिन्छ। यसले कालान्तारमा धेरै सजिलो बनाउँछ। पत्रकारको शुद्धीकरण हुन्छ। श्रमजीवी पत्रकारको पहिचान हुने हुँदा यससम्बन्धी ऐन लागू गर्न सजिलो हुन्छ। पत्रकारको वास्तविक सङ्ख्या निकाल्न व्यावहारिक रूपमा जटिल नै छ। किनकि पत्रकारिता नै नगरेका र पत्रकारको परिभाषामा नै नपर्ने धेरै व्यक्तिले नेपाल महासङ्घको सदस्यता लिएका छन्। विभिन्न राजनीतिक पार्टीमा सक्रिय र पत्रकारिता पृष्ठभूमिबाट नै राजनीतिक पार्टीको नीतिगत तहमा पुगेका व्यक्तिले समेत पत्रकारको सदस्यता लिएका छन्। यसका लागि यो कार्य गर्ने अधिकार पाउने निकायलाई सरोकारवाला सबैले साथ दिनैपर्छ, सहयोग गर्नैपर्छ।

यद्यपि सञ्चार प्रतिष्ठानमा प्रशिक्षार्थी संवाददाता, सहायक संवाददाता, संवाददाता, फोटो पत्रकार, प्रेस प्रतिनिधि, वरिष्ठ संवाददाता, भाषा सम्पादक, सहायक सम्पादक, उपसम्पादक, वरिष्ठ भाषा सम्पादक, वरिष्ठ फोटो पत्रकार, प्रमुख समाचार दाता, समाचार संयोजक, सहसम्पादक, कार्यकारी सम्पादक, श्रव्य दृश्य, फोटो सम्पादक, डेस्क सम्पादक, सम्पादक, प्रधानसम्पादक भनेर श्रमजीवी पत्रकारको तहगत वर्गीकरण गरेको पाइन्छ। यो पनि सञ्चार प्रतिष्ठानअनुसार फरक फरक छ। यो निजी वा सरकारी सञ्चार प्रतिष्ठान आफैंले गरेको वर्गीकरण हो।

कसले तोक्ने ? कसरी तोक्ने ?

कानुनले स्पष्ट रूपमा नतोके पनि व्यवहारमा बढी समय पत्रकारिता गरेको व्यक्तिलाई वरिष्ठ पत्रकार भन्ने चलन छ। नयाँ र पुराना पत्रकार सम्मिलित कार्यक्रममा आयोजक वा सञ्चालकले आफ्नो सजिलोका लागि दाह्री, जुङ्गा फुलेका पत्रकारलाई वरिष्ठ भनेर सम्बोधन गरिदिन्छन्। यस्तै हाम्रो विभाजित समाजमा आआफ्नो पक्षका पत्रकारलाई वरिष्ठ भनिदिने र फरक विचार, पार्टी वा पक्षका पत्रकारलाई समान योगदान र हैसियत भए पनि वरिष्ठ सम्बोधन नगर्नेसमेत गरिन्छ। हुन त पत्रकारिता पेसा अन्य पेसा, व्यवसायभन्दा भिन्न र यसमा समाचारको प्रस्तुतिमार्फत दिनहुँ पाठक दर्शक श्रोता (अडियन्स) का अगाडि परीक्षा दिइरहनुपर्ने भएकाले को वरिष्ठ को कनिष्ठ छुट्याइरहनै पर्दैन भन्ने मत पनि छ ।

जसले खटेर प्रभावकारी तरिकाले सूचना विचार प्रवाह गर्छ त्यो नै वरिष्ठ पत्रकार हो भनिन्छ तर आजको अवस्थामा यो सोचमा मात्र अल्झेर बस्ने हो भने पत्रकारिता कहिल्यै मर्यादित, अनुशासित, जिम्मेवार बन्दैन। पत्रकारिताको आवरणमा मौलाउँदै गएको विकृति, विसङ्गति हेर्दा नेपालको पत्रकारिता सङ्कलो हुन धेरै समय लाग्ने देखिन्छ। बेथिति झन् बढ्दै जाने देखिन्छ । नेपालमा वरिष्ठ र कनिष्ठ भनेर कानुनमा स्पष्ट वर्गीकरण नगरिएको भए पनि व्यवहारमा यसको अभ्यास गरिएको अवस्था छ। नेपाल सरकारले कानुनतः यसको व्यवस्था नगरे पनि राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२ मार्फत यसको अभ्यास गरिसकिएको छ। उक्त कार्यविधिको प्रस्तावनामा राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न कार्यविधि बनाई लागू गर्न वाञ्छनीय भएकाले सूचना तथा सञ्चार मन्त्रालयले यस्तो कार्यविधि बनाएर जारी गरेको उल्लेख छ । ....

डोल्पोबुद्ध गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुंदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१ अनावश्यक घर बाहिर नजानुहोस् ।

२ आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु गरौं ।

३ कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचीमिची धुनु गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्नु गरौं ।

४ कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५ खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६ महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७ रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८ अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९ कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१० आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ मय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

डोल्पोबुद्ध गाउँपालिकाको कार्यालय

धो, डोल्पा

सुशासन र दिगो विकास

- कैलाश प्रधान

शासकीय व्यवस्थाका कमजोरी हटाई शासन व्यवस्थामा सुधार ल्याउने र विकासोन्मुख राष्ट्रहरूको विकासका लागि विकसित राष्ट्र तथा दातृ निकायबाट सहायता प्रदान गर्ने उद्देश्य राखेर विकास गरिएको सुशासनको अवधारणा सर्वप्रथम विश्व बैङ्कले सन् १९८९ मा अफ्रिका महादेशमा पहिलो पटक प्रयोगमा ल्याएको हो तर अहिले यो अवधारणा दिगो विकासको लक्ष्य हासिल गर्ने महत्वपूर्ण औजार का रूपमा विकास भएको छ। देश र जनतालाई केन्द्रमा राखेर असल ढङ्गबाट गरिने शासन नै सुशासन हो। सुशासनिक व्यवस्थामा राज्यका सबै अङ्गमा सबै क्षेत्र तथा वर्गको उचित प्रतिनिधित्व कायम गरी समान सहभागिता र अपनत्व दिलाई नागरिक सरोकारका विषयलाई सम्बोधन गरिन्छ। राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो, छरितो एवं न्यायिक रूपमा उपलब्ध गराई आमनागरिकलाई शासनको सुखद अनुभूति दिलाउनु नै सुशासन हो ।

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत ख को ४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ। संविधानले निर्दिष्ट गरेको सुशासनको यो परिधिभित्र हामी बाँधिन सकेनौं। सुशासनसम्बन्धी प्रचलित ऐन कानुनको पूर्ण पालना गरी दण्डहीनताको अन्त्य गर्दै निष्पक्ष न्यायको प्रत्याभूति दिन सकेनौं। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता व्यवहारमा आउन सकेन। भ्रष्टाचार नियन्त्रणका कुनै पनि निकायको क्रियाशीलता परिणाम उन्मुख हुन सकेन । अस्थिर सरकार र उसका गलत नीतिका कारण हरेक क्षेत्रमा नातावाद र कृपावाद हावी हुन गई उपलब्ध सीमित स्रोत र साधनको समुचित प्रयोग हुन पाएन। जनचेतना र जनदबाबको अभावले सुशासन व्यवहारमा नभई नारामा मात्र सीमित भयो। सक्षम, जनमुखी र जनउत्तरदायीका रूपमा निजी क्षेत्र र नागरिक समाजको संलग्नता हुन सकेन। नागरिक समाज तथा अन्य सामाजिक समुदायको प्रभावकारी हस्तक्षेपको अभावले पनि जनताले सुशासनको अनुभूति गर्न पाएनन् । सुशासन कायम गराउने क्रममा सबै राजनीतिक दलको पूर्ण प्रतिवद्धतासहित सरकारको राजनीतिक र संवैधानिक कार्ययोजनाको व्यवस्थित कार्यक्रमसमेत भएन। राज्यले गर्ने व्यवहारमा पारदर्शिता आउन सकेन। उत्तरदायित्व एवं जवाफदेहितामा कमी रह्यो। बनाइएका नियम, कानुन र संविधानले उल्लेख गरेका आधारभूत मान्यताको पूर्णपालना नगरी सुशासनको नारा मात्र अघि सारियो । २००७ सालदेखि नै आमूल परिवर्तन, सुशासन, विधिको शासन र भ्रष्टाचारमुक्त समाजको आशामा बसेका जनता अहिलेसम्म पनि ती कुराको अनुभूति गर्न नपाउँदा निराश छन्। सुशासन भएन, पञ्चहरू भ्रष्ट भए, प्रजातन्त्रको हक खोसियो भनेर फेरि चरणबद्ध आन्दोलनहरू भए, व्यवस्था नै फेरियो। प्रजातन्त्र आयो। राजसंस्था फालेर लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्यौं तर पनि सुशासन कायम हुन सकेन। भ्रष्टाचारको गति रोकिएन। आन्दोलनकर्ता नेता तथा पार्टी सङ्गठनहरू देश र जनताप्रति जिम्मेवार भएनन्। व्यक्तिमुखी स्वार्थकेन्द्रित राजनीति हावी भयो । राज्य सञ्चालनका हरेक निकायमा राजनीतिक हस्तक्षेप बढेर गयो। कर्मचारीतन्त्र पूरै राजनीतिको सिकार बन्यो। यी सबै गतिविधिले देशको प्रशासन निकम्मा बन्यो। पार्टीगत स्वर्थमा कर्मचारी विभाजित भए। कोही पनि देश र जनताको भलाइमा दत्तचित्त भएर लागेनन् ।

पार्टीगत स्वार्थमा नलागेका सीमित कर्मचारीलाई निरीह बनाइयो। धेरै चाहिँदैन, चार जना व्यक्ति (प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रधानसेनापति र प्रहरी महानिरीक्षक र प्रशासनिक निकायहरू स्वच्छ, स्वतन्त्र भइदिने हो भने एकै वर्षमा सुशासन कायम भई देशले काँचुली फेर्छ ।

सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य गर्दै कानुनी राज्यको वकालत, भ्रष्टाचारमा शून्य सहनशीलतासहितको आर्थिक विकास, कानुनको पूर्ण पालनाको सुनिश्चितता र जनमुखी एवं पारदर्शी सरकारको अपेक्षा गरेको हुन्छ। संयुक्त राष्ट्रसङ्घले हरेक राज्य सफल हुन सुशासनका लागि आठवटा तत्व निर्धारण गरेको छ । जनसहभागिता, विधिको शासन, पारदर्शिता, जवाफदेहिता, सुनिश्चितता र सहमति उन्मुख समता र समावेशिता, कुशलता र प्रभावकारिता तथा अन्त्यमा उत्तरदायित्व। सुशासनका यी आधार हामीले कति पालना गरेका छौं ? सुशासन दिन नसक्नुमा हामी कहाँनेर चुकेका छौं ? के केमा कमी छ ? गम्भीर भएर खोजी गर्नुपर्दछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन न ०८७- ५५००
इमेल pmamp.plu.dolpa

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
डोल्पा

प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०५।२२

आ.व. ०७९/०८० मा यस प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ डोल्पावाट निम्न लिखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुचनामा उल्लेख भए अनुसारका कार्यक्रममा आवेदन दिन चाहने इच्छुक कार्यक्षेत्र भित्र पर्ने सूचिकृत कृषक समुह/सहकारी/कृषि फर्म कम्पनि तथा उद्धमीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मिति २०७९।०५।२२ ले २१ दिन भित्र यस परियोजनावाट तोकिएको ढाचाँ (अनुसुचि १०) अनुसार प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ । आवश्यक कागजात पेश नगरेको वा उक्त समय पश्चात पेश भएको प्रस्ताव उपर कुनै कारवाहि नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

स्याउ जोनः ठुलिभेरि नगरपालिकाका वडा नं १,२,४,५,६,७,८,९,१० र ११ तथा त्रिपुरासुन्दरि नगरपालिकाका वडा नं ३ र ४
सिमि जोनः काइके गाउपालिकाका वडा नं २,३,४ र ५

तपशिल

क स	कार्यक्रम कृयाकलापको नाम	वार्षिक लक्ष्य	स्वीकृत वजेट रु लाखमा	कार्यक्रम लागु हुने क्षेत्र	अनुदान प्रतिशत
१	सिचाइ पुर्वाधार निर्माण तथा मर्मत सुधार कार्यक्रम	३०	५४	स्याउ जोन / सिमि जोन	वढिमा ८५ %
२	क्षेत्रफल विस्तार	५०	४९।८	स्याउ जोन	वढिमा ५० %
३	स्थानिय तहको समन्वयमा नर्सरि श्रोत केन्द्र स्थापना	१	१५	स्याउ जोन	वढिमा ५० %
४	जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग		१०	स्याउ जोन	वढिमा ५० %
५	स्याउ वगैचा सुदृढिकरण	२०	४०	स्याउ जोन	वढिमा ५० %
६	प्रशोधन उद्धोग संचालन सहयोग	१	५	स्याउ जोन	वढिमा ५० %
७	दलहन वालिको क्षेत्रफल विस्तार	४०	२०	सिमि जोन	वढिमा ५० %

आवश्यक कागजातहरु

१. कृषक समुह/सहकारी/कृषि फर्म कम्पनि तथा उद्धमी दर्ता प्रमाण पत्र प्रतिलिपी ।
२. कृषि सहकारी/उद्धमी तथा फर्मको हकमा लेखा परिक्षण प्रतिवेदन ।
३. कृषक समुह/सहकारीको हकमा प्रस्ताव पेश गर्ने सम्वन्धि वैठको निर्णय प्रतिलिपी ।
४. कार्यक्रम संचालन हुने स्थान (स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा ५ वर्षको र पूर्वाधार निर्माणकोहकमा १० वर्षको करारनामा) ।
५. समूह/ सहकारी र उद्धमीले प्रस्तावना सम्वन्धि कार्य गर्नमको लागी आधिकारीक व्यक्ती तोकेको निर्णय पेश गर्नु पर्ने छ ।
६. प्रस्तावनामा अनिवार्य आधिकारीक व्यक्तीको हस्ताक्षर र संस्थाको छाप लगाउनु पर्नेछ ।
७. सम्वन्धित स्थानिय निकायको सिफारिस पत्र ।
८. अन्य निकायवाट सोही प्रकृतिको कामको लाभान्भित नभएको वा दोहोरो नपर्ने प्रतिवद्धता पत्र ।
९. निवेदनमा रु १० को टिकट टाँस भएको हुनुपर्ने ।
१०. आवेदन पेश गर्दा अनुसूचि १० वमोजिमको फर्म्याट पेश गर्नु पर्ने छ ।

विस्तृत जानकारीका लागी परियोजना कार्यान्वयन एकाई डोल्पामा सम्पर्क राखुहोला
सम्पर्क नं ०८७-५५००८८/९८५८३६६७८७/९८६३०३४१७६

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण तथा औद्योगिकीकरण"

प्रतिनिधिसभा र प्रदेशसभा कार्यकाल सकिदै

- महेश्वर गौतम

काठमाडौं । निर्वाचन आयोगले २०७४ सालको निर्वाचनबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको कार्यकाल अब १२ दिन मात्रै बाँकी रहेको प्रस्ट पारेको छ ।

सरकारले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल बढाउनेगरी संघीय संसद्मा विधेयक पेस गरेपछि आयोगले निर्वाचन मिति घोषणा भइसकेको र उम्मेदवारको मनोनयन दर्ताका लागिसमेत तयारी भइसकेको अवस्थामा मनोनयन दर्ताको अघिल्लो दिन नै कार्यकाल सकिने स्पष्ट पारेको हो ।

आयोगले ४ मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिकतर्फको उम्मेदवार को बन्दसूची पेस गर्न २ र ३ असो जको मिति तोकेको छ । सो मितिको अघिल्लो दिन अर्थात् १ असोजसम्म मात्रै वर्तमान प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल कायम हुने आयोगको दावी छ ।

कानुन संशोधन गरेर समय बढाउनु वाञ्छनीय छैन : आयोग

'नेपालको संविधानको धारा २९६ को उपधारा (१) मा संविधान सभाबाट व्यवस्थापिका-संसद्मा रूपान्तरण भएको सदनको कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम हुने व्यवस्था गरेको थियो ।

तापनि सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशले कार्यकाल पूरा हुनुअगावै प्रतिनिधि सभाको निर्वाचन हुने भएमा मनोनयन पत्र दाखिला हुने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद् कायम रहने व्यवस्था भएको आधारमा संवत् २०७४ सालमा प्रतिनिधि सभाको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका-संसद् कायम रहेको विगतको अनुभव छ ।

यसरी कुनै सभालाई प्रतिस्थापन गर्ने गरी अर्को निर्वाचन हुने अवस्थामा निर्वाचनमा उम्मेदवारी पेस हुने अघिल्लो दिनसम्म मात्र साबिकको सभा कायम रहने सिद्धान्तलाई ग्रहण गरी सोहीबमोजिम विगतमा अभ्याससमेत गरिसकेकाले समान अवस्थामा फरक किसिमको अभ्यास गर्ने कार्य उचित देखिएन,' आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ । सो अवस्थामा आयोगसँग परामर्श नै नगरी कार्यकाल बढाउने गरी कानुन नै संशोधन गरेर अघि बढ्नु वाञ्छनीय नहुने आयोगको भनाइ छ ।

सरकारसमक्ष प्रतिनिधिसभ तथा प्रदेशसभा सदस्यको कार्यकाल गणना गर्ने आधारसमेत खुलाई आयोगले दिएको परामर्शको आधारमा निर्वाचन मिति तोकिएको तथा निर्वाचनको तयारीका काम हुँदै गरेको अवस्थामा कार्यकालका सम्बन्धमा अन्यथा हुने गरी कानुन संशोधन गर्नु वाञ्छनीय नहुने आयोगले स्पष्ट पारेको हो ।

आयोगले विज्ञप्तिमा संविधानमा भएको व्यवस्था'दयगत पनि उल्लेख गरेको छ । सो व्यवस्थाको प्रतिबन्धात्मक वाक्यांशले कार्यकाल पूरा हुनुअगावै प्रतिनिधि सभाको निर्वाचन हुने भएमा मनोनयनपत्र दाखिला हुने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद् कायम रहने व्यवस्था भएको उल्लेख गरेको छ । 'नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था रहेको छ,' आयोगले भनेको छ ।

आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ हुन्छ भन्ने सम्बन्धमा स्पष्टता नभएको र प्रत्येक सदस्यको निर्वाचित मितिलाई आधार मानी गणना गर्दा फरकफरक मितिमा निर्वाचित भएको मान्नुपर्ने अवस्था देखिएको भन्दै पहिलो निर्वाचित मितिलाई आधार मानी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पदावधिको अवधि गणना गर्नु व्यावहारिक र निर्विवाद हुने देखिएकाले सोही आधारमा आयोगले परामर्श दिई सरकारले ४ मंसिरका लागि निर्वाचन गर्न मिति घोषणा गरेको भनेको छ । त्यसैगरी, नेपालको संविधानको धारा ९१ को उपधारा (६) को खण्ड (क) तथा धारा १८२ को उपधारा (६) को खण्ड (क)मा प्रतिनिधि सभा वा प्रदेश सभा विघटन भएको अवस्थामा समेत सभामुख र उपसभामुख अर्को निर्वाचनको मनोनयन गर्ने मितिभन्दा अघिल्लो दिनसम्म पदमा बहाल रहने व्यवस्था गरेबाट निर्वाचनको लागि उम्मेदवार मनोनयन हुने दिनदेखि नै सभामुख तथा उपसभामुख पदमा नरहने संवैधानिक व्यवस्था भएको आयोगले भनेको छ । सो व्यवस्थाअनुसार प्रतिनिधि सभा वा प्रदेश सभाका अन्य सदस्य सोही पदको लागि हुने निर्वाचनका लागि मनोनयन पत्र पेस गर्ने मिति पछि सम्म कायम रहने गरी कानुन संशोधन गर्नु उपयुक्त नदेखिने आयोगको भनाइ छ । आयोगले संघीय संसद् तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग समेत परामर्श गरी जारी गरेको निर्वाचन आचार संहिता, २०७९ नेपाल राजपत्रमा समेत प्रकाशन भइसकेको स्मरण गराएको छ । सो आचारसंहितामा माथि उल्लिखित सिद्धान्त, अभ्यास तथा प्रतिनिधि सभा तथा प्रदेश सभाका सभामुख र उपसभामुखको पद बहाल सम्बन्धमा भएको संवैधानिक व्यवस्था समेतको आधारमा संघीय संसद्को सदस्य, प्रदेश सभा सदस्य, गाउँ सभाको सदस्य वा नगरसभाको सदस्य पदमा बहाल रहेको व्यक्ति संघीय संसद्को सदस्य वा प्रदेश सभा सदस्य पदका लागि हुने



कर्णालीप्रदेश सरकार
सामाजिकविकास मन्त्रालय
स्वास्थ्य सेवानिर्देशनालय
स्वास्थ्य सेवाकार्यालय दुनै, डोल्पा
कर्णालीप्रदेश, नेपाल

प.सं.:
च.नं.:

मिति : २०७९/३/१४

सूचना । सूचना ॥ सूचना ॥।

बर्षायाम संगै पिउने पानिदुषितभई सोका कारण टाईफाईड, झाडा पखाला र हैजा जस्ता रोगहरु फैलिन सक्ने भएकाले यस्ता रोगहरुले महामारीको रुप लिनसक्ने हुंदा उक्त रोगबाट बच्न निम्न उपायहरु अपनाउन सबैमा स्वास्थ्य सेवा कार्यालयको अनुरोध छ ।

☐ पानी उमालेर मात्र पिउने गरौ ।
☐ खाना खानुअघि, खानेकुरा छुनु अघि साबुन पानिले मिचिमिचि हातधुने गरौ।
☐ बासी, सडेगलेका, झिंगा भन्केका खानेकुरा नखाऔ ।
☐ फलफुल तथा हरिया सागपातहरु सफा पानिले राम्रोसंग धोएर मात्रै खाने गरौ।
☐ खानेकुरा राम्रोसंग छोपेर राख्ने गरौ ।
☐ असुरक्षित तरिकाबाट ढुवानि गरि भित्र्याइएको माछा मासु नखाउँ ।

(अम्मर सिंह शाही)
नि.स्वास्थ्य सेवा व्यवस्थाप